**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालयको**

# निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्तिको लागि दरखास्त दिने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही **"निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८" (पहिलो संशोधन २०७९ सहित)** बमोजिम निजामती कर्मचारीका सन्ततिलाई स्वदेशमा उच्च शिक्षा अध्ययनका लागि शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र निजामती सेवाको पदबाट निवृत्तभरण पाउने अवधि पूरा भई अवकाश भएको वा निजामती सेवाबाट संवैधानिक निकायको पद वा न्यायाधीशको पदमा नियुक्ति भई वहाल रहेको त्यस्तो पदाधिकारी वा न्यायाधीशका तपसिलमा उल्लिखित योग्यता भएका सन्ततिले देहाय बमोजिमका कागजात तथा विवरणहरु संलग्न गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र **शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको** सचिवालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा आइपुग्ने गरी www. santati.mofaga.gov.np मार्फत निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा अनलाइन दरखास्त (Online Application) पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

**१. शैक्षिक प्रोत्साहन वृत्तिको लागि आवश्यक योग्यताः**

(क) दश जोड दुई वा सो सरहको परीक्षामा कम्तीमा GPA २.४ वा पचास प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरी उत्तीर्ण भएको,

(ख) स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा भर्ना भई स्नातक वा सो सरहको तहमा प्रथम वर्षमा वा प्रथम सेमेष्टर वा दोस्रो समेष्टरमा अध्ययन गरिरहेको वा दरखास्त दिने अन्तिम मिति सम्म स्नातक तह वा सो सरहको प्रथम वर्ष वा दोस्रो समेष्टरको प्रयोगात्मक परीक्षा बाहेकको अन्तिम परीक्षा दिईरहेको,

(ग) पच्चीस वर्ष उमेर पूरा नभएको,

(घ) निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति नभएको।

**२. दरखास्तसाथ देहाय वमोजिमका कागजातहरुको सक्कलको Scan Copy अनिवार्य रुपमा upload गर्नुपर्नेछः-**

(क) नागरिकता प्रमाण-पत्र (हालको स्थायी ठेगाना फरक भएमा बसाइसराई प्रमाणपत्र समेत),

(ख) प्रवेशिका (SLC/SEE) र १०+२ को शैक्षिक प्रमाण पत्रहरु (लव्धाङ्क पत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्र),

(ग) अभिभावक कर्मचारी कार्यरत रहेको **कार्यालयको सिफारिश पत्र (www.mofaga.gov.np मा उपलब्ध भएको ढाँचा वमोजिम)** तथा सेवा निवृत्त भएका कर्मचारीको हकमा **निवृत्तिभरण अधिकार पत्र** वा अवकाश पत्र,

(घ) सामुदायिक वा सरकारी उच्च माविबाट उच्च माध्यमिक शिक्षा वा सो सरहको परीक्षा उत्तिर्ण गरेकोमा राष्ट्रिय परीक्षा बोर्ड वा सो अन्तर्गतको कार्यालय वा सम्बन्धित स्थानीय तह वा शिक्षा विकास तथा समन्वय एकाईले सम्वन्धित शिक्षण संस्था सामुदायिक वा सरकारी हो भनी गरेको **सिफारिश पत्र,**

(ङ) अध्ययनरत शिक्षण संस्था (कलेज/क्याम्पस) को **सिफारिश पत्र (<u>www.mofaga.gov.np</u> मा उपलब्ध भएको ढाँचा वमोजिम), भर्ना रसिद र फि-स्ट्रक्चर,**

(च) सरकारी कामकाजको सिलसिलामा मृत्यु भएका कर्मचारीको सन्ततिको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित पत्र वा घटना पुष्टि हुने सरकारी कागजात,

(छ) समावेशी प्रमाणित गर्ने कागजात,

(ज) नागरिकतावाट अभिभावक कर्मचारी र सन्तति विद्यार्थीको नाता खुल्न नसकेको खण्डमा नाता प्रमाणित प्रमाणपत्र,

(झ) वहालवाला कर्मचारीको हकमा परिचयपत्रको प्रतिलिपि,

(ञ) अभिभावक कर्मचारी र अध्ययनरत सन्ततिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

३. शैक्षिक प्रोत्साहन वृत्ति प्रासिका लागि झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा कानून बमोजिम कारवाही हुनेछ ।

४. निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउँदा निर्देशिकाको दफा ११ बमोजिम प्राप्त हुने दरखास्तका आधारमा शैक्षिक प्रोत्साहन वृत्ति प्रदान गरिने शैक्षिक सङ्काय, संख्या र रकम तथा दफा ६ बमोजिमको समावेशी कोटा निर्धारण गरिनेछ ।

५. सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून तथा स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।


**<u>थप जानकारीको लागि</u>**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**कर्मचारी कल्याण शाखा**

**सिंहदरवार, काठमाडौ।**

**फोनः ४२००३०९**

**ईमेलः emp.welfare.section@mofaga.gov.np**

**www.mofaga.gov.np**

www.santati.mofaga.gov.np


नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

## सिफारिस पत्रको ढाँचा

(बहालवाला कर्मचारी कार्यरत कार्यालयको लेटर हेडमा तयार गर्नु पर्ने)

मिति :

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालय,
सिंहदरबार, काठमाण्डौं।

**विषय : सिफारिश गरिएको।**

तपसिलको विवरण भएका कर्मचारी यस कार्यालय/विभाग/मन्त्रालय/आयोग र निकायमा निजामती सेवाको स्थायी पदमा कार्यरत छन्। निजको श्री........................................................ नामको छोरा/छोरी आ.व. २०८२/०८३ मा श्री .......... (शिक्षण संस्थाको नाम) ............................ मा ............... विषयको स्नातक तह...............वर्ष /........... सेमेस्टरमा अध्ययनरत रहेकोले निजलाई त्यस मन्त्रालयबाट मिति **२०८२/१२/१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा** प्रकाशित सूचना अनुसार शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउन सिफारिश गर्दछु।

**तपशिल**

कर्मचारीको नाम, थरः ................................................................ संकेत नंः ...........................................

पदः ........................... श्रेणी/तहः .................................. सेवाः ..........................................................

समूह/उपसमूहः......................................... सम्पर्क नंः ...........................................................................

स्थायी ठेगानाः .................................................................................................................................

जन्म मिति : ........................................... बाजेको नाम...........................................................................

बाबुको नामः.............................................. आमाको नाम...........................................................................

सिफारिश गर्ने कार्यालय प्रमुखको :

कार्यालयको छाप :

दस्तखत : ................................

नाम, थर : ................................

पद : ......................................

कार्यालयः ................................

मिति : ..................................

**सिफारिश पत्रको ढाँचा**
(सम्बन्धित शिक्षण संस्थाको लेटर हेडमा तयार गर्नु पर्ने)

मितिः

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालय,
सिंहदरबार, काठमाण्डौं।

विषयः **शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराई दिन सिफारिस गरिएको बारे।**

............................ विश्वविद्यालयको आंगिक/सम्बन्धन प्राप्त यस ...............................(शिक्षण संस्थामा) ................................ संकाय अन्तर्गत आ.व. २०८२/०८३ मा ....................................... विषयमा .......... वर्ष /.......... सेमेस्टरमा अध्ययनरत तपशिलमा उल्लेखित विद्यार्थीलाई तहाँ मन्त्रालयले प्रदान गर्ने निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउन सिफारिस गर्दछु। यस संस्थामा भएको अभिलेख अनुसार निज विद्यार्थीको व्यक्तिगत विवरण यस प्रकार छ।

**तपशिल**

विद्यार्थीको नाम, थर ............................................................ रोल नं: ..................................................
स्थायी ठेगाना ....................................................................................................................................
मोवाइल नं. ........................................ ईमेल...............................................................................
बाबुको नामः .................................................... आमाको नाम ...........................................................
शिक्षण संस्थाको सम्पर्क व्यक्तिको नाम, थर ..................................................................................
शिक्षण संस्थाको सम्पर्क व्यक्तिको फोन नं. ..................................................................................
अध्ययन पूरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क रु.: ...........................................................................
निज विद्यार्थीले शिक्षण संस्थाहरुबाट छात्रवृत्ति/छुट प्राप्त गरेको छ/छैनः- .............................................................
छात्रवृत्ति/छुट प्राप्त गरेको भए सो निकायको नाम ...........................................................................
छात्रवृत्ति/छुट प्राप्त गरेको रकम रु. ............................ छात्रवृत्ति/छुट प्राप्त गरेको मिति ..................................

माथि उल्लिखित व्यहोरा साँचो छ झुठा ठहरे कानून बमोजिम सजाय भोग्न मञ्जुर छु/छौं ।

| | | |
|---|---|---|
| .................................<br>दस्तखत<br>(सम्वन्धित शिक्षण संस्थाको लेखा शाखाको कर्मचारीको) | (शिक्षण संस्थाको छाप) | .................................<br>दस्तखत<br>(सम्वन्धित शिक्षण संस्थाको प्रमुख/विभागीय प्रमुख) |

**नोटः** 
1. **शिक्षण संस्थाले भर्ना शुल्क, वार्षिक/सेमेष्टर शुल्क समेत उल्लेख गरेको कूल शैक्षिक अवधिको निमित्त निर्धारण गरी प्रमाणित गरेको Fee Structure संलग्न गर्नुपर्नेछ ।**
2. ***शैक्षिक शुल्कमा होस्टेल, कोचिङ, यातायात, पोसाक र अन्य अतिरिक्त शुल्कबाहेकको शैक्षिक शुल्क समावेश गर्नुपर्नेछ।**
3. **भर्ना हुँदाको बिलको फोटो (प्रतिलिपि) समेत अनिवार्य संलग्न गर्नुपर्नेछ ।**